भागेश्वर गाउँपालिका
गाउँ कार्यपालिको कार्यालय
बगरकोट,डडेल्धुरा

**बाखा खरिद सम्बन्धी सूचना**

**प्रथम पटक प्रकाशित सूचना मितिः २०८०।१२।०८**

यस भागेश्वर गाउँपालिका पशु सेवा शाखा बाट आ.व. २०८०-०८१ को स्वीकृत बार्षिक कार्यक्रम अनुसार महिला समुहहरुलाई बाखापालन आयआर्जन कार्यक्रम संचालन गर्न छनौट भएका महिला समुहहरु लाई बाखा वितरण कार्यका लागी सिलबन्दी दरभाउपत्रको माध्यम द्वारा बाखा खरिद गर्नु पर्ने भएको हुदाँ नेपाल सरकारबाट ईजाजत (मान्यता) प्राप्त व्यक्ति/सहकारी/समुह तथा फर्महरु बाट निम्न शर्तहरुको अधिनमा रही रितपूर्वक दरभाउपत्र आव्हान गरिएको ब्यहोरा सम्बन्धीत सबैको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ।

१. दरभाउपत्र खरिद गर्न चालु आ.व. का लागी नविकरण भएको इजाजत पत्र, दर्ता र आ.व. २०७९-८० सम्मको करचुक्ता भएको प्रमाणपत्रको प्रतिलिपी संलग्न राखी लिखित निवेदन साथ तल उल्लेखित दस्तुर (फिर्ता नहुने) तिरी इच्छुक दरभाउपत्रदाताले १५ औं दिन सम्म कार्यालय समय भित्र वा सो दिन विदा परेमा अर्को दिन भागेश्वर गाउँपालिका गाउँ कार्यपलिकाको कार्यालय बगरकोट डडेल्धुराबाट खरिद गर्न सकिनेछ।
२. खरिद भएका दरभाउपत्रहरु सूचना प्रकाशित भएको मितिले १६ औं दिनको १२:०० बजे वा सो दिन बिदा परेमा अर्को दिनको १२:०० बजे भित्र सिलबन्दी दरभाउ लाहछाप गरी विवरण प्रष्ट खुलाई भागेश्वर गाउँपालिकाको कार्यालयमा दर्ता गरिसक्नु पर्नेछ। दर्ता भएका दरभाउपत्रहरु सोही दिनको २:०० बजे उपस्थित दरभाउपत्रदाता वा निवेदकको प्रतिनिधीहरु र भागेश्वर गाउँपालिकका प्रतिनिधिहरुको रहोबरमा खोलिने छ। दरभाउपत्रदाता वा निवेदकको प्रतिनिधिहरु उपस्थित नभएमा पनी दरभाउपत्र खोल्न बाधा पर्ने छैन।
३. दरभाउपत्र खरिद गर्ने वा दाखिला गर्ने अन्तिम दिन बिदा परेमा लगतै कार्यालय खुलेको दिन सोही समय अनुसार हुनेछ।
४. म्याद नाघि आएको,रित नपुगेको,र शर्त राखिएको दरभाउपत्र उपर कारबाही हुने छैन।
५. दरभाउपत्रदाताले सिलबन्दी दरभाउपत्रमा जिवित बाखाको प्रति केजी को दररेट अंक र अक्षरमा अनिवार्य रुपमा उल्लेख गर्नु पर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षर लाई मान्यता दिईनेछ। केरमेट भएमा केरमेट भएको ठाउँमा सहीछाप भएको हुनुपर्नेछ।
६. कार्यक्रमको हितलाई ध्यानमा राखी दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने वा आशिंक रुपमा स्वीकृत गर्ने वा रद्द गर्ने सम्पुर्ण अधिकार भागेश्वर गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयलाई हुनेछ।
७. दरभाउपत्र साथ दस्तुर बाफतको रकम रु.१०००।–(अक्षरेपी एक हजार मात्र) भागेश्वर गाउँपालिकाको नाममा रहेको सानिमा बैकं भागेश्वर शाखामा रहेको आन्तरिक राजश्व खाता नं. BHAGESHWOR GA. PA. GA-1.1 ANTARIK RAJASHWO KHATA ac no – 070010040000002 मा र जमानत बाफतको रकम रु. ४२,५००।– (अक्षरेपी बयालिस हजार पाँचसय मात्र) भागेश्वर गाउँपालिकाको नाममा सानिमा बैकं भागेश्वर शाखामा रहेको धरौटी खाता नं. BHAGESHWOR GA. PA. GA-3.1 STHANIYA TATHA DHAROUTI KHATA 070010020000004 मा जम्मा गरेको भौचर वा नेपाल सरकारबाट मान्यता प्राप्त वाणिज्य बैङ्कबाट कम्तिमा ७५ दिनको मान्य अवधि हुने गरी जारी गरिएको बैङ्क जमानत पेश गर्नु पर्नेछ।
८. दरभाउपत्र दर्ता गर्दा प्रोपराइटर वा निजको आधिकारिक प्रतिनिधिले सहीछाप गरेको र सिलबन्दी भएको हुनुपर्नेछ ।
९. दरभाउपत्र सम्बन्धी कुनै कुरा बुझ्नु परेमा कार्यालय समय भित्र भागेश्वर गाउँपालिकाको कार्यालयमा सम्पर्क राख्न सकिनेछ।
१०. दरभाउपत्रदाताले बाखा बितरणको लागि छनौट भएका समूह सम्म ढुवानी गर्नुपर्नेछ । ढुवानी वापतको छुट्टै रकम कार्यालयबाट भुक्तानी हुने छैन् ।
११. सिलबन्दी दरभाउपत्रदाताले सम्पादन गर्ने कामको सम्बन्धमा राम्रो सँग बुझी दररेट भरेको मानिने छ।
१२. यस सूचना मा लेखिएको हकमा यसै अनुसार र यसमा उल्लेख नभएको हकमा नेपाल सरकारको कानुन बमोजिम हुनेछ।

**दरभाउको कामको विवरण निम्न अनुसार हुनेछ**

| क.स. | ठेक्का नं. | कामको विवरण | संख्या | बैङ्क जमानत | दस्तुर रु. |
|---|---|---|---|---|---|
| १. | BRM/DAD/NCB/Goods/ /080/081/03 | बाखा खरिदः- स्थानिय खरी,जनमुनापारी, बोयर क्रस आदी ( बाखाको तौल कम्तीमा २५ के.जी.को हुनुपर्नेछ) | १५० वटा | ४२,५०० | १०००।- |

प्रमुख प्रशासकीय अधिकृत